# आ.ब. २०७०/०७१ को
# बार्षिक समिक्षा कार्यक्रमको
# प्रतिवेदन

## २०७१ भाद्र ०६ गते शुक्रवार

## पोखरा उपमहानगरपालिका
## पोखरा, कास्की

# बिषय सूचि

१. परिचय ..........................................................................................१
२. कार्यक्रमको उद्देश्य ..........................................................................१
३. कार्यक्रमको ढाँचा ...........................................................................२
४. प्रतिवेदन प्रस्तुती ...........................................................................२
५. प्रतिवेदनमाथी छलफल र सहभागिबाट उठाईएका जिज्ञासा तथा सुझावहरु .............६
६. जिज्ञासा उपर नगरपालिकाको तर्फबाट स्पष्टोक्ति ...........................................७
७. निष्कर्ष तथा सुझाव ...........................................................................८
अनुसुचि

## १. परिचय

दिन प्रतिदिन सहरीकरणको बढदो चाँप रहेको पोखरा उपमहानगरपालिकाले विकासका चारै आयमहरु मानवीय, आर्थिक, भौतिक तथा सामाजिक विकासका क्षेत्रमा कार्य गर्दै आएको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले गरेको व्यवस्था बमोजिम सबै स्थानीय निकायहरुले आफुले सम्पन्न गरेका कार्यहरु के कसरी सम्पन्न गरीयो ? कति लागतमा सम्पन्न गरियो ? कार्य सम्पादनका क्रममा के कस्ता जहसता र असहजता रहे ? आगामी दिनमा के कसरी कार्य सञ्चालन गर्दा अझ सफलता प्राप्त गर्न सकिन्छ ? भन्नका लागि आम नगरवासी, पत्रकार, राजनैतिक दल लगायत अन्य सबै सरोकारवालाहरु माझ प्रगति प्रतिवेदन प्रस्तुत गरी तोकिएको समयमा समिक्षा सम्पन्न गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ। आर्थिक बर्ष समाप्त भएको पहिलो चौमासिक भित्र सम्पन्न गर्नु पर्ने यस्तो समिक्षा पोखरा उपमहानगरपालिकाले २०७१ भाद्र ०६ गते शुक्रबारका दिन विभिन्न सरोकारवालाहरुको उपस्थितीमा सम्पन्न गरेको छ। उपस्थितीको विवरण अनुसुचिमा राखिएको छ।

पोखरा उपमहा नगरपालिकाले आ.ब. २०७०/०७१ मा सम्पादन गरेको कार्यको बार्षिक समिक्षा सम्पन्न गरेको छ । समिक्षामा पोखरा उपमहानगरपालिकामा रहेको विभिन्न समितिहरुले उक्त आ.ब.मा सम्पन्न गरेका कार्यहरुको प्रगति प्रतिवेदन प्रस्तुत गरियो भने उक्त प्रतिवेदनमाथि नागरिकहरुको तर्फबाट सवल पक्ष र सुधार गर्नु पर्ने पक्ष माथि छलफल गरी पृष्ठपोषण प्रदान गरियो ।

## २. कार्यक्रमको उद्देश्य

समग्रमा बार्षिक समिक्षा कार्यक्रमको उद्देश्य आ.ब. २०७०/०७१ मा नगरपालिकालेसम्पन्न गरेका कार्यहरु तथा सम्पादन गरेका कार्यहरु तोकिएको लक्ष्य हासिल गर्नकालागि कति सार्थक भए र आगामी दिनमा कसरी कार्य गर्नु उपयुक्त हुन्छ भन्ने कुराको निर्क्यौल गर्नु नै हो । तथापी यसका विशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन ।

- नगरपालिकाको वित्तिय अवस्था (आय र व्यय) माथि छलफल गर्नु
- नगरपालिकाले सञ्चालन गरेका भौतिक योजनाहरु कति प्रभावकारी रहे र त्यसलाई थप प्रभावकारी बनाउन के गर्न सकिन्छ पत्ता लगाउनु
- नगरपालिकाले मानवीय, आर्थिक तथा सामाजिक विकासका क्षेत्रमा के कस्ता कार्यहरु सम्पादन गर्‍यो र आगामी दिनका लागि उपयुक्त रणनीतिहरुको तयार गर्नु
- आगामी आ.ब. मा नगरपालिकाले के कसरी कार्य गर्नु पर्दछ सोका लागि आवश्यक जनशक्ति लगायतका बिषयहरुमा छलफल गर्नु
- नगरपालिकाको संस्थागत संरचनाले हालको अवस्थामा गरि रहेको सेवाको प्रभावकारीताको जनस्तरबाट मापन गर्नु र सुधारका उपायहरु पत्ता लगाउनु ।

## ३. कार्यक्रमको ढाँचा

पोखरा उपमहानगरपालिकाद्धारा आयोजना गरिएको बार्षिक समिक्षा कार्यक्रम देहाय अनुसार सञ्चालन गरिएको थियो ।

सभापतिको आसन ग्रहण, अतिथि आसन ग्रहण, कार्यक्रमको उद्देश्यमाथि प्रकाश, बिषयगत समिति तथा शाखाहरुको प्रगति प्रस्तुति, प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा जिज्ञासा, सहभागिहरुबाट उठेका जिज्ञासा तथा सुझाव माथि प्रकास तथा कार्यक्रम समापन ।

यसरी तयार गरिएको कार्यक्रमको ढाँचा अनुसार उक्त कार्यक्रम प्रशासकीय अधिकृत कल्पना बरालले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा अध्यक्षता प्रमुख एवं कार्यकारी अधिकृत श्री झलकराम अधिकारीले गर्नु भएको थियो भने कार्यक्रममा सहभागिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य समेत प्रमुख एवं कार्यकारी अधिकृतले नै राख्नु भएको थियो ।

यस पछि पूर्वाधार तथा संरचना विकास समितिको तर्फबाट बरिष्ठ इन्जिनियर श्री शारदा मोहन काफ्लेले प्रगति प्रस्तुत गर्नु भयो । आफ्नो प्रस्तुतीमा काफ्ले ले सबै योजना सम्पन्न गर्नमा पछिल्लो पटक ढुंगा गिट्टी वालुवाको अभाव भएको कारणले समयमा सम्पन्न गर्न कठिनाई भएको भए पनि सबै योजनाहरु सम्पन्न हुने चरणमा रहेको जनाउनु भएको थियो ।

जनसंख्या तथा सामाजिक विकास समितिको तर्फबाट बरिष्ठ अधिकृत श्री ओमराज पौडेलले आफ्नो प्रगति विवरण प्रस्तुती गर्नु भएको थियो । त्यसै गरी भुमि तथा जल स्रोत विकास समितिको तर्फबाथ कानुन अधिकृत श्री नारायण प्रसाद शर्माले प्रगति प्रस्तुत गर्नु भयो । नगरपालिकाको आन्तरीक प्रशासन तथा सिफारिस सम्बन्धी प्रगति प्रतिवेदन प्रशासन विभाग प्रमुख श्री अनन्त प्रसाद कोइरालाले गर्नु भएको थियो । पोखरा उपमहानगरपालिकाले गत आ.ब. २०७०/०७१ मा गरेको आय व्यवयको विवरण कर अधिकृत श्री शिवहरी शर्माले प्रस्तुत गर्नु भयो । कृषि वन तथा वातावरण समितिको तर्फबाट वातावरण अधिकृत श्री निर्मलमानसिंह भण्डारीले प्रगति प्रस्तुत गर्नुभएको थियो भने ल्याण्डफिल साईट तथा सरसफाई तर्फको प्रगति क्रमश जु.ई. नेत्र तिम्सिना तथा  अधिकृत चुडामणी तिवारीले प्रस्तुत गर्नु भएको थियो । सुरक्षा तथा निरिक्षण शाखको प्रगति विवरण प्रहरी निरिक्षक श्री बसन्त चालिसेले प्रस्तुत गर्नु भएको थियो ।

## ४. प्रतिवेदन प्रस्तुती

सर्व प्रथम प्रमुख एवं कार्यकारी अधिकृतबाट समिक्षा बैठकको उद्देश्य तथा नगरपालिकाले गत आ.ब. २०७०/०७१ मा सम्पादित कार्यबाट प्राप्त प्रमुख उपलब्धिहरुको संक्षिप्त प्रस्तुती गर्नु भएको थियो ।

समिक्षामा नगरपालिका सँग रहेका विभिन्न समितिहरु बजेट तथा राजश्व समिति, भुमि तथा जलस्रोत विकास समिति, पूर्वाधार संरचना विकास समिति, जनसंख्या तथा सामाजिक विकास समिति, संगठन तथा प्रशासन समिति र कृषि वन तथा वातावरण विकास समिति लगायत यस समिति मातहत रहेको विभिन्न शाखाहरुको तर्फबाट सम्बन्धित समिति र शाखाका जिम्मेवार कर्मचारीहरुबाट प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

आर्थिक विवरण बजेट तथा राजश्व समितिबाट नगरपालिकाले बर्ष भरिमा आम्दानी गरेको अनुमानित तथा यथार्थ विवरण प्रस्तुत गरियो जसमा गत आ.ब. २०७०/०७१ मा पोखरा उपमहानगपालिकाले अनुमानित आय आन्तरीक स्रोतबाट २३ करोड ९५ लाख ८५ हजार र बाह्य स्रोतबाट १७ करोड ९७ लाख ४३ हजार गरी कुल आय ४१ करोड ९३ लाख २८ हजार हुने अनुमान गरेकोमा यथार्थ आय आन्तरीकबाट रु. २८ करोड ८२ लाख ४४ हजार ३ सय १२ पैसा ९६ अर्थात अनुमानको १२०.२१ प्रतिशत र वाह्य स्रोतबाट रु. २० करोड ९ लाख ४८ हजार ३ सय ७९ अर्थात अनुमानको १११.८० प्रतिशत गरी कुल आय रु. ४८ करोड ९१ लाख ९२ हजार ५ सय ९१ र पैसा ९६ अनुमानको तुलनामा ११६.६६ प्रतिशत आय भएको थियो ।

यसमा खर्च तर्फ चालु खर्च रु.१० करोड ७० लाख १३ हजार र पुँजिगत खर्च ३८ करोड २४ लाख ३९ हजार खर्च भएको थियो ।

आ.ब ०७०/७१ को शिर्षकगत साराश

| क.स. | शिर्षकगत साराश | भौतिक प्रगति | | | | बित्तिय प्रगति | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | | | | | | | | |
| | शिर्षक | लक्ष्य | प्रगति सम्पन्न | प्रगति बाँकी | प्रगति प्रतिशत | कुल ल.ई. | नेपाल सरकार | न.पा. आन्तरकि श्रोत | जनसह भागिता | |
| १ | न.पा. आन्तरकि श्रोत | ३४९ | २८२ | ६७ | ८०.८०% | १८५४८१ | - | १४३६२४ | ६६५०६ | |
| २ | सडकबोर्ड नेपाल | ७ | ७ | - | १००% | १०८४४ | ७५९१ | ७३० | २५२३ | |
| ३ | जगेडाकोष | ७ | ७ | - | १००% | ३३३६६ | १७७६२ | १६६०२ | ८७६४ | |
| ४ | कृषि सडक | ३ | २ | १ | ९०% | ५३४४ | ३७५१ | - | १५९३ | |
| | जम्मा | ३६६ | २९८ | ६८ | | २३५०३५ | २९१०४ | १६०९५६ | ७९३८६ | |

आ.ब. ०७०/७१ को कुल बजेट २६९४४६

भौतिक पूर्वाधार तर्फ आन्तरीक कोषबाट कुल ३४९ वटा योजना सञ्चालन भएको जसको लागत इष्टमेट बमोजिम लागत रु.१८ करोड ५४ लाख ८१ हजार रहेकोमा नगरपालिकाले रु.१४ करोड ३६ लाख २४ हजार र उपभोक्ता लागत सहभागित रु. ६ करोड ६५ लाख ६ हजार खर्च भई २८२ वटा योजना सम्पन्न भएको र अन्य योजना सम्पन्न हुन बाँकी रहेका प्रतिवेदन प्रस्तुत गरियो । यसै गरी जगेडा कोष अन्तरगत ७ वटा योजनाको लागि कुल ल.ई. ३ करोड ३३ लाख ६६ हजार रहेकोमा नगरापालिकाले १ करोड ६६ लाख ६ हजार जगेडा कोषबाट १ करोड १७ लाख ६२ हजार तथा उपभोक्ता लागत सहभागिता ८७ लाख ६४ हजार खर्च भई सबै ७ वटै योजना सम्पन्न भएका छन । सडक वोर्ड तर्फ ७ वटा योाजनाका लागि कुल १ करोड ८ लाख ४४ हजार को ल.ई भएकोमा सडक बोर्ड ७५ लाख ९१ हजार नगरपालिका ७ लाख ३० हजार उपभोक्ता लागत सहभागिता २५ लाख २३ हजार खर्च भई सबै योजना सम्पन्नभएका छन् । कृषि सडक अन्तरगत ३ वटा योजनाको लागि कुल ल.ई. रु ५३ लाख ४४ हजार मा कृषि सडकबाट ३७ लाख ५१ हजार तथा उपभोक्ता लागत सहभागिता १५ लाख ९३ हजार खर्च भई २ वटा योजना सम्पन्न भएको अवस्था रहेको छ । कुल योजना संख्या ३६६ को लागि कुल ल.ई. २३ करोड ५० लाख ३५ हजार रहेकोमा नगरपालिका आन्तरीक स्रोतबाट १६ करोड ९ लाख ५६ हजार बाह्य स्रोतबाट २ करोड ९१ लाख ४ हजार (नेपाल सरकार) तथा उपभोक्ता लागत सहभागिता ७ करोड ९३

लाख ८६ हजार खर्च भई २९८ वाट योजना सम्पन्न भएका छन भने ६८ योजाना सम्पन्न हुन बाँकी रहेका छन ।

जनसंख्या तथा सामाजिक विकास समिति अन्तरगत सामाजिक विकास शाखा, महिला तथा बालबालिका उपशाखा, गरिवी न्युनिकरण शाखा, जनस्वास्थ्य शाखा तथा सुचना तथा अभिलेख केन्द्र हरु रहेका र यस समितिबाट विभिन्न २३ वटा क्षेत्रका ३३४ वटा कार्यक्रममा ६ करोड ३६ लाख ८ हजार ३ सय ६० पैसा ८६ खर्च भएको छ । कुल अनुमानित खर्च ८ करोड १६ लाखको तुलनामा यो खर्च ७७.९५ प्रतिशत रहेको छ ।

विभिन्न ३० वटा समुहमा सिप तथा क्षमता विकास सम्बन्धी तालिम कार्यक्रहरु सञ्चालन गरिएको र उक्त कार्यक्रमबाट ४२३ जनजाती, १६१ दलित र ७३८ अन्य वर्गका मानिसहरु प्रतक्ष्य लाभान्वित भएका छन ।

पोखरा उपमहानगरपालिकामा कुल दरबन्दि तथा सो को पुर्ण विवरण प्रस्तुत गरिएको थियो । कुल दरबन्दी संख्या २८६ रहेकोमा हाल २१ दरबन्दी रिक्त रहेको र २६५ दरवन्दीमा कर्मचारी रहेको जस अनुसार अधिकृत कर्मचारी २१ सहायक कर्मचारी २४४ रहेको अवस्था छ ।

गत आ.ब. २०७०/०७१ मा नगरपालिकाले विद्युतीय हाजिरीको कार्यान्वय गरेको साथै कर्मचारी व्इवस्थापनका लागि अनुगमन निरीक्षण र छड्के जाँचमा तिव्रता गरिएको अवस्था रहेको थिाये नगरपालिकाको कार्य सहज रुपमा सञ्चालन व्यवस्थापन गर्नका लागि सि.सि.टिभी साथै ईन्टरकम टेलिफोनको ब्यवस्था गरिएको अवस्था रहेको छ । क्रमिह रुपमा प्रशासनिक खर्चमा कटौति तथा मितव्ययीता अपनाउदै गएको पोखराले आ.ब. २०६९।०७० को न्युनतम शर्त तथा कार्य सम्पादन मापनमा ८६ अंक प्राप्त गरी तेस्रो स्थान हासिल गरेको छ ।

कार्यालयको कामलाई चुस्त दुरुस्त राख्न र कर्मचारीहरुको सेवा शर्तलाई नियमित गर्नका लागि कर्मचारी विनियमावली निमार्ण गरिएको सेवा प्रभावकारी बनाउन कर्मचारी र सेवा ग्राही आचारसंहीता निमार्ण गरिएको र क्षतिपूर्ति सहितको नागरीक वडापत्र जारी एवं कार्यान्वयन गरिएको अवस्था रहेको छ ।

गत आ.ब मा व्यक्तिगत घटना दर्ता तर्फ जन्म दर्ता वालक १४०२ वालिका १५३२ गरी २९३३ मृत्यु दर्ता महिला २८२ र पुरुष २५५ गरी ५३७ विवाहह दर्ता १३०८ सम्बन्ध विच्छेद २६ बसार्य सराई दर्ता संख्या ३६४ भएको छ भने २१८ बसाई सरी गएका र २५९८ जना बसाई सरी आएको अवस्था रहेको छ ।

सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने संख्या ७२९४ रहेको जसमा अन्य जेष्ठ नागरिक ३४८५ दलित जेष्ठ नागरिक ४३१ एकल विधवा २५०० पुणै अपांग १६० आंशिक अपांग ९ र दलित वालवालिका ७०४ रहेका थिए ।

फोहरमैला ब्यवस्थापनका लागि वडा नं. ३, ४, ६, ७, ८, ९ र १७ (७ वटा वडाहरु) सार्वजनिक निजी साझेदारी अवधारण अन्तरगत व्यवस्थापन गरिएको छ । त्यसै गरी सडक वत्ति व्यवस्थापनका सन्दर्भमा वडा नं. ६, ८ र ९ पोखराको मुख्य स्थान न्यु रोड तथा लेक साईड मार्गमा सौर्य बत्ति जडानको कार्य सम्पन्न गरिएको छ ।

नगर सुरक्षा व्यवस्थाका लागि सुरक्षा शाखा यस समिति भित्र रहेको र यश शाखाद्धारा गत आ.ब. मा फेवा तालको संरक्षणकालागि तालबाट पानि तान्ने र घरबाट निस्कने फोहर पानि तालमा मिसाउने कार्यलाई निषेध गरिएको ।  फुटपाथ व्यावसायीहरुलाई हटाइ पोखरालाई फुटपाथ व्यापार निषेधीत क्षेत्र वनाएको तथा पोखरालाई ठेलागाडा निषेधित क्षेत्र घोषणा गरिएको छ । जनस्वास्थ्यमा प्रतक्ष्य प्रभाव पाने मासु जन्य पदार्थको शुद्धताका लागि मासु पसलहरुको नियमित अनुगमन गर्ने गरिएपछि मासु पसलहरु सुधार भएको सुधारमा अटेर गर्नेलाई कानुन बमोजिम कारवाही गरिएको अवस्था रहेको छ ।

कृषि वन तथा वातावरण विकास समिति अन्तरगत कृषि तथा वातावरणा, सरसफाई र ल्याण्डफिल साईट गरी तिन वटा शाखा रहेको छ । कृषि तथा वातावरण शाखा अन्तरगत कुल ७६ वटा कार्यक्रम सम्पन्न भएको छ । यस शाखाको गतिविधि सञ्चालनका लागि कुल बजेट ६५ लाख ७५ हजार विनियोजन भएकोमा खर्च कुल ३६ लाख ८६ हजार २ सय ३८ अर्थात विनियोजनको ५६ प्रतिशत खर्च भएको छ ।

सरसफाई तथा ल्याण्डफिल शाखा अन्तरगत यस आ.ब.मा १४६८६ टन फोहोर ल्याण्डफिल साईडमा व्यवस्थापन गरिएको छ । पोखरा फोहोरमैला व्यवस्थापन प्रा.लि. सँग वडा ६, ७, १७ तथा सुन्दर वातावरण नेपाल प्रा.ली. सँग वडा नं. २, ४, ८, ९ मा सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत फोहोरमैला व्यवस्थापनको कार्य गरिएको छ । जथाभावि फोहोरमैला फाल्नेलाई दण्ड जरिवानाको परिपाटी बसालिएको । फोहोरमैला न्यूनीकरण तथा जनचेतना सांस्कृतिक अभियान कार्यहरु संघ संस्था हरुको अगुवाई कार्य योजनाहरु संचालन हूदैं आएको अवस्था रहेको छ । सरसफाई कार्यको कार्य तालिका तयार गरी सोही अनुसार कार्य गरीएको छ ।

ल्याण्डफिल तर्फ सरसफाई तथा ल्याण्डफील तर्फका कर्मचारीहरुको लागि तालिम संचालन गर्न नसकिएको, जनशक्तिको अभावमा कम्पोष्ट यार्ड संचालन गर्न नसकिएको, मलमूत्र व्यवस्थापन गर्न नसकिएको, संझौता भए पनि पशिचमाञ्चल क्षेत्रीय अस्पतालको त्वभबतझभलत पछिको साधारण फोहोरमैला व्यवस्थापन गर्न नसकिएको, ल्याण्ड फिल साइटमा फोहोरमैला पुर्नको लागि माटोको अभाव सिर्जना भएको, HRB ले राम्रो संग काम नगरेको अर्थात समस्या देखीएको तथा निजी क्षेत्रले फोहोरको मात्रा सम्झौता अनुरुप नघटाएको अर्थात कुहिने फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसकेको  जस्ता समस्या समेत प्रस्तुतिमा समेटिएको थियो ।

## भुमी तथा जलश्रोत तर्फ २०७०/०७१

१. नगर क्षेत्र भित्रका सार्वजानिक प्रति ऐलानी जग्गा हाल पहिचान गरि नम्बर सहित रेकड राख्ने कार्य गरिएको ।
२. नगर क्षेत्र भित्रका सार्वजानिक जग्गामा बनेका वा सर्वजानिक बाटो मिचि वनाइएका संरचनाहरु हटाइएको जस्तै वडा नं. ०२ मिरुवा मार्ग बाटो निर्माण समितिको वडा नं. १६ को माथिल्लो दिप जुन्ले डाँडा देखि काली खोला सम्म जाने बाटो वडा नं. १० को संगम मार्गमा चिज वहादुर गुरुङ्गको लगायत ।
३. नगर क्षेत्र भित्र खानेपानी लाइन विस्तार गरिएको ।
४. आ.व. २०७०/२०७१ मा विनियोजित भएको रकमको खोनपानी लाइन विस्तार एवं योजना हरुको ल.ई. गरि उपभोक्ता समिति गठन गरि कार्य अगाडी वढाइएको ।
५. वडा नं. १५ को वडा कार्यालय लगायत जग्गाको जग्गा धनी दर्ता प्रमाण पूर्जा प्राप्त गरेको (क्षे.फ. ३१८९.१० व.मी.)

६. वडा नं. १७ वडा कार्यालयको जग्गा धनी दर्ता प्रमाण पूर्जा प्राप्त गरेको जम्मा १२८.०० व.मी. ।
७. न.पा. क्षेत्र भित्रका सार्वजानिक सम्पतीहरुको विवरण प्राप्त गरेको वडा नं. १ देखि १८ सम्म को सार्वजानिक प्रति, ऐलानी जग्गा, पाटी पोवा, चौतारी, मठ मन्दिर, पोखरी, वाटो, धारा, कुलो नहर आदी जग्गा गरि जम्मा ५६३३-१-०-२ रोपनीको रेकड प्राप्त गरिएको(नापी कार्यालय) ।
८. पो.उ.म.न.पा. वडा नं. १४ र १८ वडा समिति लगायत अन्य जग्गाहरुको जग्गा धनी प्रमाण पूर्जा लिने कार्य अगाडी वढाइएको ।
९. न.पा. क्षेत्र पहिचान भएका सर्वजानिक जग्गाहरुको संरक्षण एवं तारवार गर्ने कार्य भएको जस्तै वडा नं. ११ को माहाकालेश्वर मार्ग चौतारी मर्मत वडा नं. १७ को दोविल्ला को ७२ रोपनी जग्गा (दर्ता कार्वाही अगाडी वढाइएको ।
१०. वडा नं. ११ को चौतारी १ वडा नं. १५ को माछापुर्च्छे टोलमा चौतारी मर्मत गरि संरक्षण गरिएको ।
११. मिति २०३१/०३२ सालको नापनक्शा वाट कायम फिल्ड वुक अनुसार पो.उम.न.पा. वडा भित्र रहेको सरकारी सार्वजानिक जग्गा, चौतारी, मठ मन्दिर, पाटी पौवा, सार्वजानिक वाटो, खोला डिल भिर, कुलो जंगल सडक वगरको अद्यावधिक पुस्तिका ०७०/०७१ मा प्रकाशन गरिएको ।

भुमि तथा जलस्रोत विकास समिति अन्तरगत विभिन्न प्रकारका सिफारिसहरु, स्थानीय स्वायत्त शासन ऐन तथा आदेश, निर्देशन बमोजिमका कार्यहरु : कार्यालय तथा सार्वजनिक सम्पतीहरुको विवरण स्वामित्व सम्वन्धी कार्य तथा संरक्षण : नगर क्षेत्रभित्र खानेपानीको मुहान खोजी अनुसन्धान एवं संरक्षण तथा कानूनी परामर्श, वहस पैरवी एवं अभिलेखिकरण  गरिने गरिएको छ । यस समिति अन्तरगत भुमि तर्फको कृयाकलापका लागि कुल १५ लाख तथा जलस्रोत तर्फका लागिग ४५ लाख विनियोजन भएको मा भुमि तर्फ ११ लाख ७८ हजार ९ सय ३६ अर्थात अनुमानको ७८.६० प्रतिशत र जलस्रोत तर्फ २९ लाख ७२ हजार १७६ अर्थात विनियोजनको तुलनामाा ६६.०५ प्रतिशत खर्च भएको छ । सबै समिति तथा शाखाहरुको प्रस्तुतिको पुर्ण विवरण अनुसुचिमा राखिएको छ ।

## ५. प्रतिवेदनमाथी छलफल र सहभागिबाट उठाईएका जिज्ञासा तथा सुझावहरु

प्रगति विवरण प्रस्तुतिको कार्यक्रम पश्चात खुला छलफलको कार्यक्रम सञ्चालन गरियो । यसरी गरिएको खुला छलफलमा सहभागिहरुबाट देहाय अनुसारका सुझाव तथा जिज्ञासाहरु आएको थियो ।

| जिज्ञासा वा सुझाव कर्ता | जिज्ञासा वा सुझाव |
|---|---|
| गिरिराज अधिकारी | वैदामको सार्वजनिक जग्गाको लगत राखिएको छ की छैन ? |
| धनन्जय पौडेल, वडा नं. ५, धारापानि मार्ग टो.वि.स. | • प्रगति सधै सके सम्म तुलनात्मक रुपमा संख्यात्मक रुपमा हुनु पर्दछ तर संस्थाको परिचय, वित्तिय तथा भौतिक दुबै तर्फको चाहिन्छ ।<br>• तालिममा गत साल कतिलाई यो साल कतिलाई तुलनात्मक भएन प्रगति आर्थिक रुपमा मात्र देखियो त्यस कारण आर्थिक सुशासन देखिएन<br>• चेतना विकासका लागि जम्मा ३० प्रतिशतमात्र खर्च हुनु भनेको न्युन भयो यो केवल खर्चको लागि खर्च मात्र जस्तो देखिन्छ<br>• खानेपानि, वातावरण र भुमिमा ओभर ल्यापिंग भयो |
| पदमराज पहारी, गै.स.स. अध्यक्ष | • सार्वजनिक स्थानमा ढल मिसाउने संख्या अत्यन्तै छ ।<br>• अण्डरग्राउण्ड पाइप पनि काट्नु पर्छ<br>• १३२ वटा पाइप काटेको भए सकिनु पर्ने अझै देखिन्छ के भएको हो ?<br>• घर निर्माण गर्दा सार्वजनिक जग्गामा अनियमितता भएको पाईन्छ यसको मापदण्ड बनाइनु पर्ने<br>• एन जि ओ डेस्क राखेको पाइएन |

| | |
|---|---|
| | • छाडा पशुको व्यवस्था अत्यन्तै सम्बेदन शिल छ |
| प्रकाश पौडेल, वडा नं. १५ टो.वि.सं. | • नहरमा फोहर फालेर सिंचाईमा गम्भिर असर परेको छ ।<br>• नगरपालिकामा वातावरण शाखा भए पनि अत्याधिक रुपमा सिंचाई गरिने नहरको फोहर व्यवस्थापनमा वेवास्ता गरियो ।<br>• खर्च गर्न किन सकिएन रकम बाँकी नै छ ? |
| गोविन्द गिरी, आदर्श मार्ग वाटो निर्माण उ.भो.सं. | • फोहर मैला व्यवस्थापन उचित रुपमा हुन नसकेको<br>• बजारमा दैनिक फोहर संकलन अन्य स्थानमा महिनामा एक पटक मात्र अनि कर बराबर किन ?<br>• बाटो विग्रिएर विजोग छ कतै नविर्ग्रिको बाटोमा गिट्टी झर्छ, कुन बाटो सडकको कुन न.पा.को हामीले पनि थाहा पाउनु पर्‍यो |
| सन्तमाया गिरी, श्रीराम टो.वि.सं. | • जल्पा देवी महिला उद्धारलाई ५० हजार छुट्टिएकोमा ६ हजार राखी १२ हजार मात्र किन ?<br>• फिर्केको ढल फेवा तालमा किन ?<br>• पानिको पाईप दिदा विचार गरेरमात्र दिईयोस |
| राधिका गिरी, समन्वय समिति अध्यक्ष | • शिक्षामा अनौपचारीक शिक्षा किन राख्नु भएन<br>• फोहरमा सुधार गर्नु पर्ने निजी क्षेत्रलाई पेशा कमाउने ठाउँको रुपमा मात्र हेर्न नहुने |
| जमुना सिग्देल | • जनप्रिय टोल राष्ट्र बैंक मार्गमा सडकमा बत्ति बल्दैन एक बर्ष भयो |

## ६. जिज्ञासा उपर नगरपालिकाको तर्फबाट स्पष्टोक्ति

खुला छलफल पछि अतिथी रानैतिक दलका प्रमुख एवं प्रतिनिधिबाट मन्तव्य सहितको सुझाव राख्ने कार्यक्रम अन्तरगत नेपाली कांग्रेसबाट श्री बिष्णुहरी बराल, ने.क.पा. एमालेको तर्फबाट श्री एक नारायण अधिकारी, ने.क.पा. मालेबाट श्री राम प्रसाद पाठकले आफ्ना मन्तव्य राख्नु भएको थियो ।

यस पछि सहभागिहरुबाट उठेको जिज्ञासा तथा सुझावका सर्न्भमा प्रमुख एवं कार्यकारी अधिकृतले नगरपालिका सदैव नगरवासीको सेवामा नै तत्पर रहेको भएता पनि लगभग २ लाख ७० हजार भन्दा बढी जनसंख्या रहेको १८ वडा तथा ३५५ वाटा टोलविकास संस्था रहेको पोखरा उपमहानगरपालिकाले आफ्नो कार्य सम्पादनको दौरानमा कहि कतै विभिन्न स्रोत साधन तथा जनशक्तिको अभाव वा व्यवस्थापनमा भएको जटिलताले गर्दा सबै क्षेत्रमा ध्यान पुर्‍याउने प्रयास रहदा रहदै पनि कमि कमजोरी भएका हुन सक्छन आगामी दिनमा यस्ता कमि कमजोरीलाई सुधार्दै लगिने प्रतिवद्धता व्यक्त गर्नु भयो । यसरी नै समिक्षा बैठकमा उपस्थित भई नगारपालिकाको गत आ.ब.को कार्य प्रगति विवरण तथा आगामी आ.ब.मा नगरपालिकाले अख्तियारी गर्नु पर्ने रणनीतिका सम्बन्धमा अमुल्य सुझाव प्राप्त भएको छ । यसलाई क्रमश नगरपालिकाले अंगिकार गर्दै जाने कुरा व्यक्त गर्दै यसरी सुझाव दिनु हुने सम्पुर्ण नगरवासी राजनैतिक दल लगायत अन्य सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

जिज्ञासा माथि प्रष्ट पार्दै सुझावहरुलाई सकारात्मक रुपमा लिई प्रमुख एवं कार्यकारी अधिकृतले कार्यक्रमको समापन गर्नु भयो ।

## ७. निष्कर्ष तथा सुझाव

### निष्कर्ष

पोखरा उपमहानगरपालिकाको आ.ब.२०७०/०७१ को बार्षिक समिक्षाबाट देहायका निष्कर्षहरु आएका छन् ।

- पोखरा उपमहानगरपालिकाको आ.ब. २०७०/०७१ को बार्षिक समिक्षा कार्यक्रममा बिषयगत प्रस्तुतिहरु र पोखरा उपमहानगरपालिकाबाट प्रस्तुत बार्षिक कार्य सम्पादन परिसूचकहरु जानकारी भयो ।
- सहभागिबाट उठाईएको प्रश्नहरु, जिज्ञासा, राजनैतिक दलबाट प्राप्त पृष्ठपोषण र पोखरा उपमहानगरपालिकाले हाँसिल गरेको कार्य सम्पादनको समष्टिगत परिसूचकहरु अत्यन्त उत्साहप्रद रहेका छन् ।
- सापेक्षिक रुपमा विगत बर्षको तुलनामा हासिल भएको योजनागत ८० प्रतिशत, आन्तरीक स्रोतमा ११७ प्रतिशत प्राप्ति, एम सि पि एम मुल्यांकनमा नेपाल कै तेस्रो स्थान हासिल, लागत सहभागितामा ३०० प्रतिशतले बृद्धि तथा बजेटको आकार र उपलब्धिको अवस्थालाई हेर्दा पोखरा समुन्नत, आत्मनिर्भर तथा समृद्ध हुदै गएको अस्था देखिएको ।

### सुझाव

- प्राप्त गरिएका उपलब्धिहरु आगामी दिनमा दिगो र संस्थागत बनाउन जरुरी रहेको छ ।
- कतिपय कार्यहरुमा अझै पनि प्रकृयागत जटिलता, अन्तराशाखा समन्वयको कमजोरी तथा चुनौति सामाना गर्ने दक्ष जनशक्तिको अभावलाई दिगो व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- आवधिक योजना, दिर्घकालिन दृष्टिकोण सहितको मार्गचित्र (Road Map) निर्माण तर्फ आवश्यक पहल गर्दै जानु पर्ने देखिन्छ ।